# येशू कस्तो प्यारो मित्र

१ येशू कस्तो प्यारो मित्र पापको भार उठाउनुभो ।
दु:ख सुख ईश्वर कहाँ ल्याउनु हामीलाई बरदान कत्रो !
कति शान्ति सुख गुमाउँछौं कति दु:ख छ व्यर्थैमा ।
कारण ईश्वरकहाँ हामी सब ल्याउँदैनौ प्रार्थनामा ।

२ चारैतिर बाट आउँछ संकट क्लेश र परीक्षा
लौ, हरेस खानु पर्दैन ख्रीष्टलाई भनौं प्रार्थनामा ।
हाम्रो सबै दु:खमा भागी यस्तो मित्र कहाँ पाऔंला ।
हर कमजोरी येशू बुझ्छन् ख्रीष्टलाई भनौं प्रार्थनामा ।

३ हामी छौं कि निर्वल दु:खित चिन्ता बोझले लादेका ?
हाम्रो आश्रय खाली येशू ख्रीष्टलाई भनौं प्रार्थनामा ।
साथीले के गर्छन् हेला ? ख्रीष्टलाई भनौं प्रार्थनामा ।
उनले रक्षा गर्छन् हाम्रो उनमा पाउँछौं सान्त्वना ॥

**बाइबल पद :** आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरि दिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन । यूहन्ना १५:१३